म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१४ अङ्क:- ८५ २०७९ फागुन १ गते सोमबार 13 February 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-






# निर्माण व्यवसायी संघमा कँडेल विजयी



समाज संवाददाता

हेटौंडाः निर्माण व्यवसायी संघ मकवानपुरको अध्यक्षमा बालगोपाल कँडेल निर्वाचित हुनुभएको छ। आइतबार साँझ सम्पन्न मतगणनाअनुसार २१६ मतसहित कँडेल निर्वाचित हुनुभएको हो। अध्यक्षका अर्का आकांक्षी श्यामसुन्दर ढकालले १७० मत प्राप्त गर्नुभयो । यसअघि प्रथम उपाध्यक्ष कँडेल अध्यक्षमा निर्वाचित हुनुभएको हो ।

संघको द्वितीय उपाध्यक्षमा भवनाथ अधिकारी दुई २०८ मतसहित निर्वाचित हुनुहुँदा १६१ मतसहित बुद्धिराम डिम्डुङ पराजित हुनुभयो । तृतीय उपाध्यक्षमा भीमसेन श्रेष्ठ २२१ मतसहित निर्वाचित हुनुहुँदा भोजबहादुर बुढाथोकी १४१ मतसहित पराजित हुनुभयो। उपमहासचिव (नीतिगत) मा दिनेश पनेरु १९० मतसहित विजयी हुनुभयो भने नवराज पाठक १७२ मतसहित पराजित हुनुभयो। उपमहासचिव (आन्तरिक) मा सुरज बर्तौला १८५ मतसहित विजयी हुनुहुँदा निर्मल देवकोटा १८० मतसहित पराजित हुनुभयो ।

सहकोषाध्यक्षमा प्रकाश लामा २०१ मतसहित विजयी हुँदा हरेराम पुडासैनी १६७ मतसहित पराजित हुनुभयो । पदाधिकारीतर्फ प्रथम उपाध्यक्षमा सागर कटुवाल, महासचिवमा राजेन्द्रप्रसाद चौलागाई र कोषाध्यक्षमा अनल श्रेष्ठ सर्वसम्मत निर्वाचित हुनुभएको थियो ।

संघको कार्यसमिति सदस्यमा नवीन जोशी (२३० मत), ईन्द्रप्रसाद रिजाल (२२४ मत), सविन भट्टराई क्षेत्री (२२० मत), अच्युत सुवेदी (२०८ मत), उमा कुमारी पौडेल (२०३ मत), सूर्यबहादुर रोक्का (२०१ मत) र लक्ष्मण सापकोटा (१९३ मत) विजयी हुनुभएको निर्वाचन अधिकृत ईश्वरराज ढकालले जानकारी दिनुभएको छ ।

# पिप्ले युवा क्लब पराजित

समाज संवाददाता

हेटौंडाः सर्लाहीको बागमती नगरपालिकामा जारी सातौं संस्करणको राजर्षि जनक गोल्डकप फुटबल प्रतियोगितामा पछिल्लो दुई संस्करणको विजयी टिम पिप्ले युवा क्लब पराजित भएको छ। आइतबार भएको खेलमा पिप्ले युवा क्लब जावलाखेल युथ क्लबसँग ३-१ गोलअन्तरले पराजित भएको हो ।

जावलाखेलका लागि १५ औं मिनेटमा विशाल तामाङले गोल गर्दै टिमलाई अग्रता दिलाए । सुमन लिम्बूले प्रहार गरेको फ्रिकिकमा विशालले गोल गरेका हुन् । पिप्लेले ६२ औं मिनेटमा बराबरी गोल फर्कायो । विवश उराउको पासमा विश्व लामाले गोल गर्दै खेल बराबरी ल्याए ।

जावलाखेलका लागि ६८ औं मिनेटमा समिराज थोकरको पासमा विनोद केसीले दोस्रो गोल गर्दै टिमको अग्रता बढाए। खेलको इन्जुरी समयमा थप दुई गोल भए । जावलाखेलबाट हिसुब थपलियाले तेस्रो गोल थपे। त्यसको केही क्षणमै पिप्लेले पाएको फ्रिकिकमा डोना थापाले आकर्षक गोल गरे ।

प्रतियोगिताको विजेताले १० लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।


## दिगो विकासका लागि एकता नेपाल

(USD Nepal)

हेटौंडा-११, मकवानपुर

**कर्मचारी आवश्यकता**

*(पहिलोपटक सूचना प्रकाशित मिति:- २०७९/११/०१)*

यस संस्थाले मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिकामा संचालन गर्दै आएको 'शिक्षा तथा स्वास्थ्य सहयोग कार्यक्रम II' का लागि तपशिलका पदमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक योग्य नेपाली नागरिकरुबाट निवेदन आव्हान गरिन्छ ।

**१. स्पोन्सरसिप सपोर्ट अफिसर**- १ जना महिला
योग्यता- मनविकी वा शिक्षाशास्त्र संकायमा स्नातक तह उत्तीर्ण गरेको ।
उमेरको हद- २० वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
पारिश्रमिक - आपसी समझदारीमा तय गरिने ।
परिक्षाको किसिम- अन्तरवार्ता ।

**२. स्वास्थ्य सुपरिवेक्षक**- १ जना महिला
योग्यता- हेल्थ असिस्टेन्ट उत्तीर्ण गरी नेपाल हेल्थ प्रोफेसनल काउन्सिलबाट प्रमाणपत्र प्राप्त ।
उमेरको हद- २० वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
पारिश्रमिक- आपसी समझदारीमा तय गरिने ।
परिक्षाको किसिम- अन्तरवार्ता ।

निवेदन दिने स्थान- संस्थाको शाखा कार्यालय चितवन, राप्ती-१, महादेवटार वा संस्थाको इमेल usdnepal@ymail.com ।
निवेदन दिने अन्तिम मिति- २०७९/११/०७ गते अपरान्ह ५:०० बजेसम्म ।

**नोट**- सर्टलिस्टमा परेका उम्मेदवारहरूलाई मात्र परीक्षाका लागि बोलाइनेछ ।


समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**


## हार्दिक बधाई



निर्माण व्यवसायी संघ मकवानपुरको ११ औं अधिवेशनबाट बालगोपाल कँडेलको अध्यक्षतामा नवनिर्वाचित समितिका पदाधिकारी तथा सदस्यलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

नेत्रप्रसाद खतिवडा, अध्यक्ष

**एवम् कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुर परिवार**

**हेटौंडा, मकवानपुर**










## सम्पादकीय

# धेरै भयो सार्वजनिक विदा

नेपालमा धेरै सार्वजनिक विदा हुने गरेको भन्दै सरकारको आलोचना हुने गरेको छ । संघीयताको कार्यान्वयनसँगै प्रदेश र स्थानीय सरकारले समेत थप विदा दिने गरेका कारण सार्वजनिक विदामा बढोत्तरी भइरहेको छ । सार्वजनिक विदा दिने परिपाटीलाई व्यवस्थित गर्न भन्दै हरेक वर्ष संघीय सरकारले सार्वजनिक विदामा हेरफेरसमेत गर्दै आएको छ । केही वर्षअघि संघीय सरकारले धेरै सार्वजनिक विदा कटौती गरेको भए पनि पछिल्ला वर्षहरुमा फेरि सार्वजनिक विदा थपिएका छन् । त्यतिमात्र नभई संघीय सरकारले अपर्झट थप सार्वजनिक विदा दिइरहेको छ । पछिल्लो करिब एक महिनाको बीचमा पूर्वनिर्धारितभन्दा थप ३ दिन सार्वजनिक विदा दिइएको छ । गत पुस २७ गते पृथ्वी जयन्तीमा सार्वजनिक विदा दिएको सरकारले माघ १ गते पोखरामा भएको हवाई दुर्घटनाको शोकमा २ गते सार्वजनिक विदा दिएको थियो । आज फागुन १ गतेका दिन पनि जनयुद्ध दिवसको नाममा सरकारले सार्वजनिक विदा दिएको छ । कर्णाली, बागमती र मधेश सरकारले फागुन १ ग ते सार्वजनिक विदा दिने निर्णय गरिसकेको अवस्थामा संघीय सरकारले पनि देशभर सार्वजनिक विदा दिने निर्णय गरेको हो ।

धेरै दिन सार्वजनिक विदा हुने गरेका कारण सरकारी कामकाज, उद्योग, व्यवसाय, शैक्षिक संस्थालगायत क्षेत्रमा नकारात्मक प्रभाव परेको गुनासो बढ्दै गएको छ । वि.सं २०७९ सालमा नेपाल सरकारले विभिन्न चाडपर्वमा १६ दिन सार्वजनिक विदा दिएको छ । यसैगरी दशैंमा ६ दिन र तिहारमा ५ दिन थप सार्वजनिक विदा दिइएको छ । विभिन्न दिवसका अवसरमा ५ दिन र जन्म जयन्तीमा एक दिन सार्वजनिक विदा दिइएको छ । गत फागुन २६ गते नेपाल राजपत्रमा प्रकाशन गरी चाडपर्व, दिवस र जयन्तीमा देशभर ३३ दिन सार्वजनिक विदा दिएको छ । यसको साथै एक वर्षमा झण्डै थप ५० दिन शनिबारको सार्वजनिक विदा छँदैछ । सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि, महिला कर्मचारीका लागि, काठमाडौं उपत्यकाका लागि दिइने विदा एक दर्जन बढी छन् । अपर्झट घोषणा हुने सार्वजनिक विदासमेत सरकारले एक सय दिनभन्दा बढी सार्वजनिक विदा दिने गरेको पाइन्छ ।

संघीय सरकारले प्रदेश सरकारहरुलाई आ–आफ्नो आवश्यकताअनुसार प्रदेशभर वर्षमा थप ६ दिनसम्म सार्वजनिक विदा दिन सकिने अधिकार दिएको छ । स्थानीय सरकारले पनि आ–आफ्नो स्थानीय तहमा आवश्यकताअनुसार थप सार्वजनिक विदा दिने गरेका छन् । विद्यालय तथा क्याम्पसहरुले हिउँदे, वर्षे तथा स्थानीय विदा प्रशस्तै दिने प्रचलन छ । केही दिनअघि मात्र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सार्वजनिक विदामा पुनर्विचार गर्ने घोषणा गरे पनि उनैले नेतृत्व गरेको सरकार गृह मन्त्रालयले आज फागुन १ गते सार्वजनिक विदा दिएपछि थप भनाइ र गराइमा अन्तर स्पष्ट देखिएको छ । कुनै वर्ष विदा कटौती गर्ने र कुनै वर्ष थप गर्नेबाहेक सार्वजनिक विदामा सामान्य हेरफेर गर्नेबाहेक यसलाई प्रभावकारी र व्यवस्थित बनाउन सरकार गम्भीर देखिएको छैन ।

सार्वजनिक विदा बढी हुँदा सरकारी सेवाप्रवाह, व्यापार, व्यवसाय र शैक्षिक क्षेत्रमा नकारात्मक असर पर्ने निश्चित छ । यस वर्षको प्रारम्भमा शनिबार र आइतबार दुई दिन सार्वजनिक विदाको व्यवस्था परीक्षणका रुपमा लागू गरेकोमा प्रभावकारी नभएको भन्दै हटाइएको थियो । सरकारले अत्यावश्यकबाहेक देशभर सार्वजनिक विदा दिने परिपाटी न्यून बनाउनु आवश्यक छ । राष्ट्रिय महत्वका पर्व तथा दिवसबाहेक अन्य विदाहरुको अधिकार सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई दिनु उचित हुनेछ । नेपालमा सार्वजनिक बिदा धेरै भएको सबैले महसुस गरेका छन् । सबै तहका सरकारले विदा दिने प्रतिस्पर्धा गर्नु मुलुकको उन्नति र प्रगतिमा बाधक हुने निश्चित छ । सरकारले सार्वजनिक विदा कटौती गर्नुपर्छ । सार्वजनिक विदा कटौती नगर्ने हो भने सार्वजनिक तथा निजी क्षेत्रको सेवा प्रवाह थप प्रभावकारी बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : लेनदेन रकारोबारमा विवाद आउने समय छ ।
**वृष** : आत्मबल र पराक्रममा वृद्धि हुने समय योग छ ।
**मिथुन** : सामाजिक र नोकरीबाट सम्मान प्राप्त हुने समय छ ।
**कर्कट** : अध्यात्म र दर्शन प्रति मन आकर्षित हुने समय छ ।
**सिंह** : अयज र सवधानी अपनाउँदा राम्रो होला ।
**कन्या** : यात्रा योग र धनव्यय पनि रहला ।
**तुला** : वादविवाद र झै–झगडासँग बच्दा राम्रो ।
**वृश्चिक** : सहयोगीले काममा साथ दिने समय छ ।
**धनु** : परिश्रमले लाभ प्राप्त हुने समय योग छ ।
**मकर** : धार्मिक काममा मन जाने समय देखिन्छ ।
**कुम्भ** : सामाजिक काममा संलग्न भई प्रतिष्ठा वृद्धि ।
**मीन** : सामाजिक र धार्मिक यात्रा योग हुने समय छ ।

# सरकार जस्तो भएन सरकार

**सन्दर्भः हेटौंडा उपमहानगरको ५४ औं स्थापना दिवस**



✍सुरेश श्रेष्ठ

नेपालको संविधान २०७२ ले मुलुकको पुनर्संरचनालाई स्थापित गर्ने आधार तय गऱ्यो । मूलतः राज्यको पुनर्संरचना गर्दै गर्दा राज्य व्यवस्थाको तल्लो तहलाई शक्तिशाली बनाउनुका साथै राज्य व्यवस्थामा समावेशी अवधारणालाई कार्यान्वयन गर्ने मुद्दालाई प्राथमिकता दिएको देखिन्छ । २०४७ को संविधानले स्थानीय निकायलाई सहजकर्ताको भूमिकामा सीमित गरेको थियो भने २०७२ को संविधानले स्थानीय तहलाई कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका तीनवटै अधिकार प्रदान गरेको छ। आफ्नो भुगोलमा संघीय, प्रदेश कानुनसँग नबाझिने गरी मौलिक व्यवस्थालाई स्थापित गर्न सक्ने अधिकार दिएको छ भने कानुन कार्यान्वयन गर्न व्यवस्थापिका र कार्यपालिकाको संरचना निर्माण गरिएको छ ।

कार्यपालिकामा पालिका प्रमुखलाई शक्तिशाली बनाइएको छ। कार्यपालिकाका प्रमुखले चाहँदा सिंगो संरचनालाई एक्लै हाँक्न सक्ने अवस्था छ। स्थानीय तहको शक्तिशाली स्वरुपलाई काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन) ले प्रदर्शन गरिरहनुभएको छ । बालेनले संघीय राजधानी काठमाडौं उपत्यकाको नगर प्रमुख भइरहँदा संघीय सरकारका प्रमुख प्रधानमन्त्रीदेखि प्रतिपक्षी दलका नेता, सेनापति, प्रहरी संगठनका प्रमुख, नेपालका लागि विभिन्न देशका राजदूत, संघीय सरकारका विकासे निकायका प्रमुखसँग समेत समन्वय, सहकार्यको प्रयास गरेर स्थानीय तहको शक्तिको उपयोग गरिरहनुभएको छ ।

स्वतन्त्र उम्मेदवारको रुपमा काठमाडौं महानगरपालिकाको प्रमुख निर्वाचित भएर चकित तुल्याउनुभएका बालेनले जस्तो देशभरका अन्य ७५२ पालिकाले आफ्नो अधिकार उपयोग गर्ने प्रयास समेत गरेको देखिँदैन । देशको प्रमुख राजनीतिक दल नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले समेत संविधानको मर्मअनुसार स्थानीय तहलाई प्रभावकारी बनाउन चाहेको देखिन्न । प्रमुख राजनीतिक दलहरुकै ध्यान नपुगेका बेला बालेनले स्थानीय सरकारको शक्तिलाई नमूनाकै रुपमा प्रयोग गर्न खोज्नुभएको छ ।

काठमाडौं महानगरपालिका बाहेक देशका ७ सय ५१ स्थानीय सरकार जस्तै हेटौंडा उपमहानगरपालिकाको कार्यसम्पादनमा पनि खासै उल्लेखनीय पक्ष देख्न सकिने अवस्था छैन । स्थानीय सरकारको अवधारणालाई हेटौंडा उपमहानगरपालिकाले पनि बुझ्न सकेको छैन । अझ भन्नुपर्दा शक्तिशाली स्थानीय सरकारको स्थापनापछि हेटौंडा उपमहानगर पालिकाका प्रथम प्रमुख हरिबहादुर महत र हाल दोस्रो नगर प्रमुख मीना कुमारी लामाले पनि आफ्नो पालिकाको शक्तिलाई बुझ्न सक्नुभएको छैन । साविकको स्थानीय निकायको तुलना केही अग्रसर भएर काम गर्ने प्रयास मात्रै भएको छ ।

२०७२ सालको संविधानबमोजिम स्थापित स्थानीय सरकारले संघीय र प्रादेशिक कानुनको अधिनमा रही आवश्यक कानुन निर्माण गर्नुपर्ने हो । यतिबेला हेटौंडा उपमहानगरपालिकाले के कस्ता कानुन निर्माण गऱ्यो ? ती कानुनको कार्यान्वयनबाट नगरवासीले के कस्ता लाभ हासिल गरे ? नागरिकको जिम्मेवारी र अधिकारबारे स्थानीय सरकारले के भन्छ ? भन्ने जस्ता विषय आम नगरवासीले थाहा पाउन सकेका छैनन् । कानुनको निर्माणमै नगरवासीसँग अन्तर क्रिया गर्नुपर्ने, सुझाव संकलन गर्नुपर्ने जस्ता आधारभूत काम पनि हेटौंडा उपमहानगरपालिकाले गर्न सकेको छैन ।

व्यवस्थापिकाको रुपमा रहेको नगर परिषद्को बैठक वर्षमा दुई पटक अनिवार्य अवस्थामा बाहेक अन्य समयमा सञ्चालन हुन सकेको छैन । नगर परिषद्लाई नगरका सबै भुगोलको वस्तुस्थिति बुझ्ने मञ्चको रुपमा, आगामी नीति, योजना निर्माण गर्ने थलोको रुपमा स्थापित गर्नतर्फ कसैको ध्यान जान सकेको छैन । नगरपरिषद् सदस्यहरुले समेत आफ्नो जिम्मेवारी र भूमिका बुझ्न सकेका छैनन् । नगर परिषद्लाई संघीय संसद र प्रदेश सभाको जस्तै नियमित बैठक बस्ने व्यवस्था मिलाउन सक्नुपर्थ्यो । प्रदेश सभा र प्रतिनिधि सभा सचिवालयलाई समेत सिकाउने गरी आफ्नो भुगोलको मुद्दामा छलफल गर्ने महत्वपूर्ण मञ्चको रुपमा नगर परिषद् बैठक सञ्चालन गर्न ढिलो भएको छैन । वार्षिक एक पटक नीति, कार्यक्रम तथा बजेट पारित गर्न र अर्धवार्षिक रुपमा त्यसको संशोधनका लागि ल्याप्चे लगाउने समूहको रुपमा मात्रै सीमित राख्नु न्यायोचित होइन ।

अब कुरा आउँछ नगर कार्यपालिकाको । नगर कार्यपालिका नगर प्रमुखमै सीमित छ । नगर प्रमुखले के चाहान्छ त्यही हुने स्थिति छ । कार्यपालिकाको नियमित तथा आकस्मिक बैठक किन बसिन्छ भन्ने कुरा कार्यपालिका सदस्यले समेत थाहा पाउने अवस्था रहन्न । या कार्यपालिका सदस्यले बैठकका मुद्दाबारे जान्नु, बुझ्नु आवश्यक ठान्दैन । कार्यपालिकाभित्रै विभिन्न समितिहरु छन् । ती समितिले के गरिरहेको छ ? त्यसको प्रभाव के छ ? त्यसको लेखाजोखा पनि छैन । यसरी आफैंभित्रको शक्तिलाई सदुपयोग गर्ने सीप, दक्षता र ज्ञानको अभावमा स्थानीय सरकार स्थानीय निकायकै शैलीमा चलिरहेको छ ।

नगर प्रमुखको कार्यकक्षमा सहयोगापेक्षीहरुको भीड, नगर प्रमुखको कुर्सीमा बसेपछि टेबलमा भएका बिन्तीपत्रमा सिफारिस र तोक लगाउने नगर प्रमुखको कार्यशैली स्थानीय सरकारको अवधारणा विपरित छ। हेटौंडा उपमहानगरपालिकाभित्र कर्मचारी प्रशासनको छरपस्ट अवस्थाले पनि उपमहानगरको अस्तव्यस्ततालाई पुष्टि गर्छ । कर्मचारी प्रशासनको दैनिक, साप्ताहिक, मासिक योजना, ती योजनाको कार्यान्वयन र समीक्षा हुन सकेको देखिन्न । जनप्रतिनिधि, कर्मचारी, नगर वासीबीच नगरको विकासका लागि साझा अवधारणा कस्तो छ ? आम नगरवासीका कुरालाई जनप्रतिनिधि र कर्मचारीले कसरी बुझेका छन् ? जनप्रतिनिधि र कर्मचारीबीच नगरको विकासमा साझा काम गर्ने योजना के छ ? यी कुरा कम्तिमा हामी जत्तिको सञ्चारकर्मीले बुझ्ने अवस्था छैन ।

आम नागरिकले बुझ्ने र बुझाउने अवस्था छैन। स्थानीय सरकारको कामलाई लिएर निर्वाचनमा निकटतम् प्रतिद्वन्द्वी भएका उम्मेदवारहरुले पनि निगरानी गर्नुपर्ने जिम्मेवारीप्रति ध्यान दिन सकेको छैन । समग्रमा स्थानीय सरकार सरकार जस्तो हुन सकेको छैन । हामीले आशा गरौं भोलिका दिनमा नगर प्रमुख, उपप्रमुखले अध्ययन, अनुसन्धान गरेर, विज्ञ वर्गसँग परामर्श गरेर सरकारजस्तो सरकार चलाएर सरकार जस्तो सरकारको प्रमुख, उपप्रमुख बन्न सक्नुहोस् । हेटौंडा उपमहानगरको स्थापना दिवसको अवसरमा शुभकामना ।

# ७ कुराः कसरी आफ्नो दिनचर्या राम्रो बनाउने ?



✍सुमित्रा लुईंटेल




घरबाट निस्कनुअघि हामी कति काम गर्छु भनेर सोचिरहेका हुन्छौं । तर साँझ घर फर्कंदा थाहा हुन्छ हाम्रो मुख्य मुख्य काम नै बाँकी रहेछ । किनभने हामी सही काममा केन्द्रित हुने भन्दा पनि अनावश्यक कुरामा अलमल गरिरहेका हुन्छौं ।

### बिहान चाँडै उठ्ने

बिहान चाँडै उठ्दा शरीरमा विभिन्न हार्मोनहरु रिलिज हुन्छन्, जसले शरीरलाई ऊर्जा दिन्छ । बिहान चाँडो उठ्दा हाम्रो दैनिक कामको लागि पर्याप्त समय हुन्छ । बिहान ५ देखि १० बजेसम्म तपाईंले जति काम गरेर भ्याउनुहुन्छ त्यो दिनभरिको काम बराबर नै हुन्छ । बिहानको त्यो महत्वपूर्ण समयलाई गुमाउनुभयो भने त्यो समय परिपूर्ति गर्न कहिल्यै सकिंदैन ।

### दिनभरिको कामको सूची बनाउने

घरबाट निस्कँदा हामी दिनभरि यो यो काम गर्छु भनेर निस्कन्छौं । तर धेरै पटक बिहान हतारको कारण हामी आफ्नो काम सही समयमा र सही तरिकाले गर्न सकिरहेका हुँदैनौं । यसको मुख्य कारण आफ्नो कामको योजना बनाउन नसक्नु हो । त्यसैले दिनभरि के गर्ने ? कुन कामलाई बढी प्राथमिकता दिने ? समय छुट्याउनुपर्छ । कामको प्राथमिकतालाई छुट्याएर सूची बनाउनुपर्छ र त्यो सूचीअनुसार काम गरियो भने महत्वपूर्ण काम बिर्सिंदैन र समयको पनि बचत हुन्छ ।

### कसलाई भेट्ने पनि तय गर्ने

दिनभरि हामीले धेरै व्यक्तिलाई भेटिरहेका हुन्छौं । कतिलाई भेट्ने योजना हुन्छ भने कसैलाई बिनायोजना पनि भेटिन्छ । यदि तपाईंलाई आज धेरै भेटघाट गर्नुछ भने दिनभरमा कस–कसलाई भेट्नैपर्ने छ, कुन समयमा भेट्ने भनेर समय पनि तय गर्नुस् । यसो गर्दा तपाईंले भेट्नुपर्ने व्यक्तिलाई समयमा भेट्न सक्नुहुन्छ ।

### आफूलाई खुसी बनाउने काम पनि गर्ने

आज कुनै एक यस्तो काम गर्ने योजना बनाउनुहोस्, जसले तपाईंलाई खुसी बनाउँछ । तपाईंलाई केही कुनै खेल खेल्न मन पर्छ वा हेर्न मन पर्छ भने त्यसको लागि पनि केही समय छुटाउनुहोस् । जुन काम गर्दा तपाईंलाई राम्रो लाग्छ, त्यस्ता कामले तपाईंलाई खुसी दिन्छ । सधैं केही नयाँ र फरक काम गर्नुपर्छ, जसले आफूलाई खुसी मिलोस् । त्यो खुसी दिने कामलाई आफ्नो दैनिक सूचीमा समावेश गर्नुहोस् ।

### अनावश्यक भेटघाट र खर्च कटाउने

बिहान घरबाट बाहिर निस्कनुअघि अनावश्यक भेटघाट, अनावश्यक खर्च गर्दिन भनेर अठोट गर्नुस् । हामी दैनिक धेरै अनावश्यक भेटघाट गरिरहेका हुन्छौं । कसैले तपाईंलाई भेटघाटको लागि बोलायो भने त्यो भेट कत्ति महत्वपूर्ण छ, त्यो सोच विचार गरेर मात्र भेट गर्नुस् यसो गर्दा तपाईंको समयको बचत हुन्छ । अन्य महत्वपूर्ण काममा त्यो समयलाई तपाईं खर्चिन सक्नुहुन्छ ।

दैनिक हुने खर्चलाई पनि कटौती गर्न सकियो भने महिनाको अन्त्यमा हुने खर्च अभावलाई त्यसले परिपूर्ति गर्न सकिन्छ । केही महत्वपूर्ण कुरामा त्यो पैसालाई खर्च गर्न सकिन्छ ।

### साँझ कुन समयमा घर फर्किने तय गर्ने

साँझ कुन समयमा घर फर्कने हो, टुंगो गर्नुहोस् । तपाईंको दैनिक तालिका एकदमै राम्ररी बित्यो भने तपाईं ठीक समयमा नै घर पुग्नुहुन्छ । तपाईं समयमा घर पुग्नुभयो भने परिवारका सदस्य पनि खुसी हुन्छन् । मानौं, तपाईं ७ बजे घर पुग्नुभयो भने ८ बजे खाना खानुहुन्छ अनि १० बजे सुत्नुहुन्छ । तर यदि तपाईं १० बजे घर पुग्नुभयो भने खाना ढिलो हुन्छ र सुत्ने समय १२ बजे पुग्छ । त्यसैले घरबाट निस्कने भन्दाअघि म आज यति बजे घर फर्कन्छु भनेर टुंगो गर्नुपर्छ । यसो हुँदा तपाईंको भोलिको दैनिकी पनि राम्रो हुन्छ ।

### आजको दिन सर्वोत्तम हुनेछ भन्ने प्रण गर्ने

घरबाट निस्कनुअघि एउटा मात्रै प्रण गर्नुहोस्, आजको दिन मेरो लागि सर्वोत्तम छ । यस्तो प्रण गरेर तपाईं बाहिर निस्कनुभयो भने दिन साँच्चै सर्वोत्तम हुन्छ । भोलि परीक्षा छ, मलाई छिटो उठ्नु छ भनेर प्रण गरेर सुत्नुभयो भने तपाईं समयमा नै उठ्नु हुन्छ । त्यस्तै कुनै कुरामा तपाईंले प्रण गर्नुभयो भने त्यो काम राम्ररी सही समयमा हुन्छ ।

*(स्रोतः अनलाईनखबर)*

# श्रमिक माविको अध्यक्षमा कार्की


*नवगठित विद्यालय व्यवस्थापन समितिका साथमा शिक्षकहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कर्रास्थित श्रमिक मावि व्यवस्थापन समितिको अध्यक्षमा विवेक कार्की चयन हुनुभएको छ । विद्यालय व्यवस्थापन समितिमा सदस्य मनोनित हुनुभएका कार्कीलाई आइतबार बसेको व्यवस्थापन समितिको बैठकले अध्यक्ष चयन गरेको हो । श्रमिक माविकै पूर्वविद्यार्थी कार्की सिभिल इन्जिनियर हुनुहुन्छ ।

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन हुनुभएका कार्कीले आइतबारै पदभार ग्रहण गर्नुभएको छ । पदभार ग्रहण गर्नुहुँदै अध्यक्ष कार्कीले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय प्रशासनलाई सहयोग गर्नुका साथै समुदायलाई पनि परिचालन गर्न सहयोग गर्ने बताउनुभएको छ । आफूले शिक्षा लिएको विद्यालयको शैक्षिक सुधारका लागि पूर्वविद्यार्थी समूहलाई पनि क्रियाशील गराउने कार्कीको भनाइ छ ।

माघ २३ गते सोमबार ५५ औं अभिभावक भेलाले रिता दहाल, केशव प्रसाद बन्जारा, मीरा माझी र सुमन माझीलाई सदस्य चयन गरेको थियो । आइतबार विद्यालय व्यवस्थापन समितिले विवेक कार्की र विश्वेश्वरी मलेकुलाई सदस्य मनोनित गरेको थियो । अभिभावकबाट सदस्यमा निर्वाचित हुनुभएकी रिता दाहालकी छोरी भरोसा दाहाल कक्षा-१० मा अध्ययनरत छिन् । केशब प्रसाद बन्जाराका छोरा विवेक बन्जारा कक्षा ८ मा अध्ययनरत छन् । मिरा माझीकी छोरी सन्चित माझी कक्षा २ मा अध्ययनरत छिन् भने सुमन माझीका छोरा संयोग माझी कक्षा-५ मा र छोरी रुबी माझी नर्सरीमा अध्ययनरत छिन् ।

विद्यालय व्यवस्थापन समिति सदस्यमा वडा प्रतिनिधि वडा सदस्य गीता त्रिपाठी, शिक्षक प्रतिनिधि सुशील कुमार पोखेल रहनुभएको छ । विद्यालय व्यवस्थापन समितिमा प्रधानाध्यापक श्रीराम दहाल सदस्य सचिव हुनुहुन्छ ।

# एकीकृत अटोभिलेजको शिलान्यास

समाज संवाददाता

हेटौंडाः हेटौंडामा एकीकृत अटो भिलेज निर्माणको कार्य सुरु भएको छ । हेटौंडा बजार क्षेत्रम छरिएर रहेका सवारी मर्मत केन्द्रलाई एकै ठाउँमा सार्ने योजनासहित अटो भिलेज निर्माण गर्न लागिएको हो । हेटौंडा-११ को राप्ती नदी उकासमा करिब ३१ बिगाहा जमिनमा अटोभिलेज निर्माण गर्ने गरी शनिबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले शिलान्यास गर्नुभयो ।

वागमती प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयले गत वर्ष ५ करोड रुपैयाँ बजेटमा तटबन्ध गरेपछि जग्गा निस्किएको हो । शिलान्यास गरिएको क्षेत्रको जग्गा फिलिङ गर्नका लागि उपहानगरपालिकाले पहिलो चरणमा १४ लाख ६ हजार रुपैयाँ बिनियोजन गरेको छ । उपमहानगरले विनियोजन गरेको र कमबाट पहिलो चरणमा जमिन सम्याउने सहितको काम थालिएको हो ।

अटो भिलेजको शिलान्यास गर्नुहुँदै नगर प्रमुख लामाले एकिकृत अटोभिलेज सञ्चालनका लागि उपमहानगर सहयोग र समन्वय गर्न तयार रहेको बताउनुभयो । अटो भिलेजमा चार्जिङ स्टेशन, थ्रि-वाइलर, फोर-वाइलर सवारी मर्मत केन्द्र, खेलमैदान, स्वास्थ्य चौकी, हेभी सवारी मर्मत, हेभी इक्विप्मेन्ट मर्मत, पार्किङ र डम्पिङ साईड रहने अटोमोबाइल इञ्जिनियरिङ एसोसिएसनका अध्यक्ष आनन्दराम पौडेलले जानकारी दिनुभयो ।

अटो मेकानिक्स तथा इञ्जिनियरिङ एसोसिएसनले २०५३ सालदेखि अटोभिलेजको आवाज उठाएको थियो । प्रस्तावित अटो भिलेजमा २ सय ५० अटो व्यवसायीले अपनत्व लिने क्षेत्रमा सबै प्रकारका इञ्जिनियरिङ वर्कसपका काम हुने एसोसिएसनले जनाएको छ । अटोभिलेज निर्माणपछि बजार क्षेत्रका तीनपांग्रे सवारीसाधनको वर्कसप सोही क्षेत्रमा ल्याउन पहल गरिने बताइएको छ ।

# बागमतीका भेडाबाख्रालाई खोप लगाइने

समाज संवाददाता

हेटौंडाः मकवानपुरसहित बागमती प्रदेशका १३ जिल्लामा सोमबारबाट भेडाबाख्रामा विषाणुबाट लाग्ने घातक संक्रामक रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान सुरु हुँदैछ । आइतबार बागमती प्रदेश कृषि तथा पशुपक्षी विकास मन्त्रालयले पत्रकार सम्मेलन गर्दै सोमबारबाट प्रदेशभर एकै समयमा खोप अभियान सुरु हुने जनाएको हो ।

बागमती प्रदेशमा २५ लाख २० हजार बाख्रा र ९२ हजार ५ सय ६१ भेडा रहेको कृषि मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । प्रदेशमा बाख्राको १३ हजार २ सय ६८ मेट्रिक टन र भेडाको ३ सय ४४ मेट्रिक टन मासु उत्पादन हुने गरेको छ । मकवानपुरमा ३ लाख ८ हजार ८ सय ४२ बाख्रा र २ हजार ७ सय ७१ भेडा रहेको तथ्याङ्कमा उल्लेख छ ।

बागमती प्रदेशमा संघीय सशर्त अनुदानमार्फत् २६ लाख १३ हजार २ सय ३२ भेडाबाख्राका लागि १२ लाख ६९ हजार खोप उपलब्ध भएको जनाइएको छ । मकवानपुरमा ३ लाख ११ हजार ६ सय ३३ भेडाबाख्राका लागि १ लाख ८८ हजार खोप उपलब्ध भएको छ । प्रदेशभर खोप अभियानमा ४ सय २५ जना भ्याक्सिनेटर खटिने जनाइएको छ ।

बागमती प्रदेशको कृषि मन्त्रालयका सचिव झलकनाथ कँडेलले नेपालमा पीपीआर रोग (भेडाबाख्राको हैजा) का कारण वर्षेनि धेरै संख्यामा भेडाबाख्राहरुको मृत्यु हुँदा कृषकहरुले निकै ठूलो आर्थिक क्षति व्यहोर्नुपरेको बताउनुभयो । यसकारण भेडाबाख्रा पालनमा आश्रित कृषक तथा व्यवसायीहरु व्यवसायबाट पलायन हुन सक्ने अवस्था आउन सक्ने उहाँले बताउनुभयो । यो रोग नेपालका सबै जिल्लामा देखा परिसकेको र यो रोग पुरानो ठाउँमा देखा पर्दा मृत्युदर कम भएपनि नयाँ ठाउँमा फैलिंदा करिब ८० प्रतिशत मृत्युदर हुने गरेको पाएको उहाँले बताउनुभयो ।

२० वटाभन्दा बढी भेडाबाख्रा पाल्ने कृषकको पहिचान गरी सोही स्थानमा खोप लगाइने जनाइएको छ । खोप कार्यक्रमका लागि दैनिक तथ्याङ्क संकलन सम्बन्धित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गर्ने जनाइएको छ । खोप कार्यक्रम फागुन ७ गतेसम्म सञ्चालन हुनेछ ।

# हेटौंडा बजारमा तराइको तरकारी

समाज संवाददाता

हेटौंडाः हेटौंडा बजारमा अहिले तराइको तरकारी धेरै आउने गरेको छ । केही समयअगाडि भारतबाट आयात भइरहेको तरकारी अहिले नेपालकै तराई क्षेत्रबाट मात्रै आइरहेको तरकारी व्यवसायीहरुले बताएका हुन् ।

यसवर्ष तराईमा तरकारीको उत्पादन धेरै भएपछि हेटौंडामा तरकारीको मूल्य सस्तिएको तरकारी तथा फलफूल व्यवसायी दिलिप चौलागाईंले जानकारी दिनुभयो । हेटौंडाको तरकारी बजारमा गोलभेडा प्रतिकिलो १५ रुपैयाँ थोक मूल्यमा बिक्री भइरहेको छ । गोलभेडा २० देखि २५ रुपैयाँ प्रतिकिलो खुद्रा मूल्यमा बिक्री भइरहेको व्यवसायी चौलागाईंले बताउनुभयो ।

नयाँ आलुको थोक मूल्य २० रुपैयाँ प्रतिकिलो रहेको छ भने खुद्रा मूल्य ३० देखि ४० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको उहाँले जानकारी दिनुभयो । यस्तै, माछे खुर्सानीको प्रतिकिलो ६० रुपैयाँ थोक मूल्य रहेको छ भने ७० रुपैयाँ प्रतिकिलो खुद्रा मूल्यमा बिक्री भइरहेको छ । काँक्रोको थोक मूल्य ३० रुपैयाँ रहेको छ भने खुद्रा ५० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको हेटौंडा तरकारी बजारका व्यवसायीहरुले बताएका छन् ।

यस्तै, राज्मा सिमीको थोक मूल्य ७० रुपैयाँ र खुद्रा ८० रुपैयाँ प्रतिकिलो बिक्री भइरहेको छ । फर्सी थोक मूल्य २० रुपैयाँ र खुद्रा ३० रुपैयाँमा बिक्री भइरहेको व्यवसायीहरु बताउँछन् । गाँजरको थोक मूल्य १६ रुपैयाँ र खुद्रा ३० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको छ । मुलाको थोक मूल्य २० रुपैयाँ र खुद्रा ३० रुपैयाँमा बिक्री भइरहेको व्यवसायी चौलागाईंले जानकारी दिनुभयो । त्यसैगरी, काउली १० रुपैयाँ प्रतिकिलो थोक मूल्य र खुद्रा २० रुपैयाँसम्म बिक्री भइरहेको छ ।

धनियाँ ४० रुपैयाँ प्रतिकिलो थोक तथा खुद्रा ६० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको छ । प्याज थोक मूल्य ४० रुपैयाँ र खुद्रा ५० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको बताइएको छ । यस्तै, अदुवा ५० रुपैयाँ प्रतिकिलो थोक र ६० रुपैयाँ खुद्रामा बिक्री भइरहेको छ ।

हेटौंडा बजारमा रायोको साग प्रतिमुठा ३० रुपैयाँमा बिक्री भइरहेको छ । बन्दा थोक मूल्य १२ र खुद्रा मूल्य २० रुपैयाँमा बिक्री भइरहेको छ । स्कुस प्रतिकिलो २५ रुपैयाँमा बिक्री भइरहेको छ । यस्तै, भन्टा थोक मूल्य ४० रुपैयाँ र खुद्रा ५० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको तरकारी तथा फलफूल व्यवसायी महासंघ मकवानपुरका पूर्वअध्यक्ष ज्ञानबहादुर गोलेले जानकारी दिनुभयो । भेंडे खुर्सानी थोक मूल्य ६५ रुपैयाँ र खुद्रा ८० रुपैयाँमा बिक्री भइरहेको उहाँले बताउनुभयो । अहिले हेटौंडा बजारमा चितवन, वीरगञ्ज, बुटवल, सर्लाहीबाट बढीजसो तरकारी आइरहेको छ ।

# मलमासले चाडपर्व पछि धकेलिने

काठमाडौंः आगामी वर्षमा हिन्दूहरुका सबैजसो चाड करिब १५ दिन पछाडि सर्ने भएका छन् । नयाँ वर्षको दशैं कात्तिकमा पर्ने भएको छ । हरितालिका तीजको व्रत असोजमा पर्न गएको छ ।

२०८० सालको घटस्थापना असोज २८ गते हुनेछ । विजयादशमी कात्तिक ७ मा पर्नेछ । यो वर्षको घटस्थापना असोज १० मै परेको थियो । त्यसै अनुरुप आउने वर्षको तिहार पनि करिब १५ दिन धकेलिने छ ।

साउनमा मलमास (अधिक मास) पर्न गएकाले सोहीबमोजिम अरु चाड पछि सर्ने भएका हुन् । श्रावण कृष्णपक्ष असार १९ बाटै सुरु हुनेछ । साउन २ देखि १६ गतेसम्म अधिक श्रावण कृष्णमास सुरु हुन्छ । फेरि साउन १७ देखि ३१ सम्म अधिक श्रावण कृष्णपक्ष परेको छ । फेरि साउन ३२ देखि भदौ १४ सम्म श्रावण शुक्लपक्ष परेअनुसार पात्रो बदलिएको छ ।

असार १९ देखि भदौ १४ सम्म एउटै मास पर्न गएकाले यसलाई अधिक मास अर्थात् मलमास भन्ने गरिन्छ । भदौ १४ सम्म तिथिका आधारमा 'श्रावण मास'नै पर्ने भएको हुँदा आउने सालका सबै चाडहरु यो वर्षको भन्दा कम्तिमा १५ दिन पछाडि धकेलिन गएका हुन् । यसरी धकेलिने क्रममा ०८० सालमा चैते दसैं नै नहुने भएको छ । ०८० सालको चतुर्थी तिथिमै चैत्र मास सकिने भएकाले चैते दसैं २०८१ सालको वैशाखमा सर्ने भएको हो ।

*(स्रोतः अनलाइनखबर)*

# खानेपानी तथा सरसफाई उपभोक्ता महासंघमा राई

समाज संवाददाता

हेटौंडाः खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल मकवानपुरको अध्यक्षमा कृष्ण राई सर्वसम्मत चयन हुनुभएको छ । आइतबार भएको महासंघको चौथो जिल्ला अधिवेशनले राईको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

उपाध्यक्षमा तेजराज पाण्डे, सचिवमा चन्द्र योन्जन, कोषाध्यक्षमा प्रेमकुमारी चौलागाई, सहसचिवमा मोहनकुमारी न्यौपानेलाई चयन गरिएको छ । यस्तै, सदस्यहरुमा भीमकुमार राई, तुलसा अधिकारी, प्रेमबहादुर आलेमगर, सिमन गहतराज, हरिप्रसाद पुडासैनी र डोलनाथ न्यौपानेलाई चयन गरिएको छ ।

खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल मकवानपुरका निर्वतमान अध्यक्ष प्रकाश पुडासैनीको सभाध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा अधिवेशन भएको हो । प्रमुख घलानले अधिवेशनलाई सम्बोधन गर्नुहुँदै सस्तो, सर्वसुलभ र शुद्व खानेपानी खुवाउने जिम्मेवारी सबैको रहेको बताउनुभयो । महासंघलाई क्रियाशील बनाउन आग्रह गर्नुहुँदै उहाँले महासंघको मुद्दाका विषयमा समन्वयसमेत गरिने दावी गर्नुभयो ।

अधिवेशनमा भीमफेदी-९ बाट वडा अध्यक्षमा निर्वाचित महासंघका निवर्तमान अध्यक्ष प्रकाश पुडासैनी र हेटौंडा-११ बाट वडा अध्यक्षमा निर्वाचित महासंघका निवर्तमान कोषाध्यक्ष जुना दाहाललाई सम्मानपत्रले सम्मानित गरिएको छ ।


## श्री भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)

हेटौंडा-४, मकवानपुर

*(सूचना प्रकाशित मितिः २०७९/१०/२४)*

### सुरक्षा गार्ड आपूर्ति सम्बन्धी दरभाउपत्र आव्हानको सुचना

यस भूटनदेवी माध्यमिक विद्यालयको भवन कम्पाउण्डको सुरक्षा व्यवस्था गर्न बढीमा १ वर्षको लागी सुरक्षा गार्ड आवश्यकता भएको हुँदा यस्तो सेवा आपूर्ति गर्न सक्ने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म संस्था वा कम्पनीहरुले प्रति महिना के कति दररेटमा (मु.अ.क सहित) उपलब्ध गराउन सक्ने हो सो सम्बन्धी दरभाउपत्र सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

१. कामको विवरण देहाय बमोजिम रहेको छ ।

| दरभाउपत्र खरिद संकेत नं. | विवरण | संख्या | दरभाउपत्र खरिद दस्तुर | दरभाउपत्र खरिद अन्तिम मिति र समय | दरभाउपत्र दाखिला अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| विज्ञापन नं. ०४-२०७९/८०) | सुरक्षा गार्ड | १ जना | रु १,०००/- फिर्ता नहुने गरी | २०७९/११/०९ गते दिउँसो १:०० बजे भित्र | २०७९/११/०९ गते कार्यालय समय भित्र | २०७९/११/१० गते दिउँसो २:०० बजे |

२. दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि कार्यालय समय भित्र यस विद्यालयको फो नं.०५७-५२०४२० मा सम्पर्क राख्न सकिन्छ ।






## बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौंडा, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना

*(सूचना प्रकाशित मितिः २०७९/११/०१ गते)*

यस केन्द्रबाट मिति २०७९/१०/०२ मा राष्ट्रिय पत्रिकामा आह्वान गरिएको तपशिल बमोजिमको बोलपत्र अन्तर्गत तपसिलको फर्म न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को उपदफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract Name/ Contract Number | BidderÚs Name/ Address | Amount (without VAT) |
|---|---|---|---|
| 1. | PROCUREMENT OF TEST KITS FOR DENGUE AND SCRUB TYPHUS IFB No. HLMC/G/NCB-01/2079- | 80(Re-Bid) Revachi International Pvt/Ltd, | Kathmandu रु. 1,290,000.00 |

निर्देशक



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## पत्रकार हुने अवसर

कक्षा १२ उत्तीर्ण गरी स्नातक तह अध्ययरत पत्रकारिता विषयमा रुचि, चासो र काम गर्ने इच्छा भएका व्यक्तिले हेटौंडालाई केन्द्र बनाई मकवानपुर जिल्लाभित्र समाचार संकलन तथा लेखनको कार्य गर्ने प्रशिक्षार्थी पत्रकारको रुपमा काम गर्नका लागि आवेदन आव्हान गरिन्छ । तीन महिनाको प्रशिक्षणपश्चात कार्यसम्पादन मूल्यांकनका आधारमा रोजगारीको अवसर समेत रहने छ । कक्षा ११ र १२ मा पत्रकारिता तथा आमसञ्चार विषय नै अध्ययन गरेकालाई ग्राह्यता दिइनेछ ।

सम्पर्क
समृद्ध समाज दैनिक
हेटौंडा-४, मकवानपुर
९८५५०-६८२२७

मकवानपुर गोल्डकप

# सातदोबाटोलाई हराउँदै एपीएफ क्वाटरफाइनलमा



समाज संवाददाता

हेटौँडाः पाचौं संस्करणको स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत् आइतबार सातदोबाटो क्लबलाई हराउँदै नेपाल एपीएफ क्लब क्वाटरफाइनलमा प्रवेश गरेको छ । हेटौँडा–५, पिप्लेस्थित क्याम्पा रंगशालामा भएको खेलमा एपीएफले सातदोबाटोलाई १–० गोलले हराएको हो ।

एपीएफको जितमा युवराज खड्काले निर्णायक गोल गरे । खेलको म्यान अफ द म्याच एपीएफका मणि लामा घोषित भए । उनले नगद १० हजार रुपैयाँ प्राप्त गरे ।

जितसँगै एपीएफले अब क्वाटर फाइनलमा त्रिभुवन आर्मीसँग प्रतिस्पर्धा गर्नेछ । खेल फागुन ३ गते हुनेछ । यस्तै, प्रतियोगिताअन्तर्गत् सोमबार एनआरटी फुटबल क्लब र सर्लाहीको बागमती युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा १२ वटा टिम सहभागी छन् । प्रतियोगिताको उपाधि विजेताले १५ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुले २५–२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

नेविसंघ

## सभापतिमा सुवास

समाज संवाददाता

हेटौँडाः नेपाली कांग्रेस निकट नेपाली विद्यार्थी संघ (नेविसंघ) मकवानपुरको सभापतिमा सुवास सापकोटा सर्वसम्मत चयन हुनुभएको छ । शनिवार भएको संघको जिल्ला भेलाबाट सापकोटाको नेतृत्वमा १३ सदस्यीय कार्यसमिति चयन भएको हो ।

सन्तोष चौलागाई, केशव भारती, आकाश भट्टराई, सुशान रुम्बा उपसभापतिमा चयन हुनुभएको छ। त्यस्तै सचिवमा सुनिल भोम्जन चयन भएको हो भने सहसचिवमा राजिव फुयाँल र सुमन अर्याल चयन भएको छ । त्यस्तै सदस्यमा बुद्ध ब्राम्, समीर जम्मकटेल बर्साद घिमिरे, भुवन घलान र बिनोद लामा चयन हुनु भएको छ ।

रेडियो थाहासञ्चार १६औं वर्षमा

## सप्ताहव्यापी कार्यक्रम आजबाट

समाज संवाददाता

हेटौँडाः हेटौंडा–४, अजरअमररोडस्थित रेडियो थाहा सञ्चार आजबाट १६औं वर्षमा प्रवेश गरेको छ । १५औं वार्षिकोत्सवको अवसरमा रेडियो थाहाले सप्ताहव्यापी कार्यक्रम आयोजना गरेको रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीले जानकारी दिनुभएको छ ।

साताव्यापी कार्यक्रमको पहिलो दिन आज सोमबार हेटौंडा–४, अजरअमररोड तथा रेडियो थाहसञ्चार परिसरमा सरसफाई कार्यक्रम गर्ने भएको छ। यसैगरी कार्यक्रमको दोस्रो दिन मंगलबार रेडियो परिसरमा श्रोता मिलन कार्यक्रम, बुधबार सम्भनामा रुपचन्द्र विष्ट विषयक अन्तरक्रिया, बिहीबार रक्तदान कार्यक्रम, शुक्रबार 'सवारी दुर्घटना र यातायात व्यवस्थापन' विषयक अन्तरक्रिया राखिएको छ । शनिवार मकवानपुरे सञ्चारकर्मीबीच घैटो फुटाई खेल हुनेछ भने अन्तिम दिन फागुन ७ गते आइतबार पुरस्कार तथा प्रमाणपत्र वितरण, थाहा वर्ष सम्मान लगायत विविध कार्यक्रम गरिने स्टेशन म्यानेजर गोकुल अधिकारीले जानकारी दिनुभएको छ ।

## चन्द्रोदयको व्यवस्थापन समितिमा १४ जनाको उम्मेदवारी

समाज संवाददाता

हेटौँडाः हेटौँडा–८, बहादुरगञ्जस्थित चन्द्रोदय माध्यमिक विद्यालयको अभिभावक भेला सम्पन्न भएको छ । शनिवार विद्यालयको प्राङ्गणमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुलप्रसाद पौडेलको सभाध्यक्षता तथा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यमा अभिभावक भेला सम्पन्न भएको हो ।

भेलामा ३ वर्षे कार्यकालका लागि नयाँ व्यवस्थापन समिति चयन गर्नका लागि अभिभावकबाट उम्मेदवारी दर्ता गरिएको छ । ९ सदस्यीय विद्यालय व्यवस्थापन समितिमा अभिभावकतर्फ ४ जना सदस्य निर्वाचनका लागि १४ जना अभिभावक आकांक्षी देखिएपछि सर्वसम्मत समिति सदस्य चयन हुन नसकेको हो ।

विद्यालय व्यवस्थापन समिति सदस्यका लागि ईश्वर मैनाली, कृष्णप्रसाद अर्जेल, ओमप्रकाश भट्टराई, रामप्रसाद देवकोटा, सुमित्रा शर्मा मगर, लक्ष्मी थापा, रीता श्रेष्ठ, बिमला गुरुङ, बुद्धबहादुर बिक, बिमला थिङ, राम्रीमाया स्याङ्तान, ज्योति केसी, शंकरप्रसाद देउला र कृष्णाराम ढुङ्गेलले उम्मेदवारी दर्ता गराउनुभएको विद्यालयका प्रधानाध्यापक जिधराज ढकालले बताउनुभयो ।

अभिभावकतर्फको ४ जना सदस्यको टुंगो नलागेसम्म नयाँ व्यवस्थापन समिति चयन गर्न नसकिने ढकालले बताउनुभयो । अभिभावकतर्फको ४ जना सदस्यको टुंगो लागेपछि बाँकी प्रक्रिया बिस्तारै प्रक्रियागतरुपमा भई कार्यसमिति चयन हुने उहाँले बताउनुभयो ।

## 'जनयुद्ध दिवस'को बिदामा असन्तुष्टि

काठमाडौंः सरकारले आज फागुन १ गते देशैभरि सार्वजनिक बिदा दिएको छ । माओवादी 'जनयुद्ध' सुरू भएको दिनमा देशैभरि सार्वजनिक बिदा दिने निर्णय मन्त्रिपरिषदले गरेको हो ।

यसअघि कर्णाली र बागमती प्रदेश सरकारले 'जनयुद्ध दिवस'को दिन पारेर बिदा दिने निर्णय गरेका थिए । २०५२ साल फागुन १ गतेदेखि तत्कालीन नेकपा (माओवादी)ले युद्ध सुरु गरेको थियो ।

सरकारको निर्णयमा केहीले तीव्र असन्तुष्ट जनाएका छन् । राप्रपा नेपालका अध्यक्ष कमल थापाले सरकारको यो निर्णय आपत्तिजनक भएको बताएका छन् । थापाले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन्– 'हजारौं निर्दोषको ज्यान लिने माओवादी आतंक र हिंसा राष्ट्रिय पर्व हुन सक्दैन ।'

सांसद रामहरि खतिवडाले बिदा अति भएको भन्दै ट्वीट गरेका छन्– 'अब विवाह, व्रतबन्ध र सत्यनारायणको पूजा लगाउन अनि श्रीमती माइत जाँदा पनि बिदा देऊ ।' यस्तै, एमाले नेता एवम् सांसद योगेश भट्टराईले पनि सामाजिक सञ्जाल ट्वीटरमा जनयुद्ध दिवसको बिदा आवश्यक नरहेको बताएका छन् । उनले भनेका छन्– '२००७ सालदेखिका सबै क्रान्ति, आन्दोलन तथा विद्रोहको समष्टी र उच्चतम सफलता तथा गौरवस्वरूप गणतन्त्र र संविधान दिवस मानिँदै आएको छ । अरू सबै यसकै अधिनस्थ हुन् । फेरि अलगअलग बिदा किन ?'

संविधानविद् भीमार्जुन आचार्यले पनि ट्वीटरबाटै बिदाप्रति असन्तुष्टि जनाएका छन् । उनले लेखेका छन्– 'यो त कार्यकारी शक्तिको अधिक दुरुपयोग र स्वेच्छाचारी काम भयो । सशस्त्र द्वन्द्व एउटा सभ्य समाज र कानुनी राज्यमा कहिल्यै दिवस हुन सक्दैन । अब द्वन्द्व पीडितले न्याय पाउँछन् भन्ने पनि केही र हेन । यतिबेला सत्ता गठबन्धनका अरू घटकहरू कहाँ छन्, त्यो जान्न मन लाग्यो ।' त्यस्तै, अधिवक्ता बुद्धि कार्कीले नेतृत्वमा भएको बेला धेरैले पचाउन नसकेको 'जनयुद्ध' सुरू गरेको दिनलाई 'राष्ट्रिय दिवस' बनाएर सबैको टाउकोमा जबर्जस्ती थोपरेको भन्दै बिदाको आलोचना गरेका छन् । *(स्रोतः सेतोपाटी)*

## क्रान्तिकारीमा प्रतिमा मगर

समाज संवाददाता

हेटौँडाः नेकपा माओवादी केन्द्र निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन अखिल क्रान्तिकारी बंशगोपाल क्याम्पसको अध्यक्षमा प्रतिमा मगर चयन हुनुभएको छ । आइतबार भएको पहिलो क्याम्पसको भेलाबाट मगरको नेतृत्वमा १३ सदस्यीय कमिटी चयन भएको अनेरास्ववियु हेटौँडा उपमहानगरपालिकाका सचिवालय सदस्य सुजन क्षेत्री सिलवालले जानकारी दिनुभयो ।

यस्तै, उपाध्यक्षमा सुवास राई र सचिवमा सजना घिमिरे चयन हुनुभएको छ भने सहसचिवमा स्वस्तिका झा र कोषाध्यक्षमा एलिसा विश्वकर्मासहित १३ सदस्यीय कमिटी चयन भएको हो । भेलामा अखिल क्रान्तिकारी बागमती प्रदेश कमिटीका उपाध्यक्ष दिनेश सुवेदीको प्रमुख आतिथ्य थियो । भेलामा अखिल क्रान्तिकारी हेटौँडा उपमहानगरपालिकाका अध्यक्ष भलक छतकुली, सचिव शक्ति न्यौपाने, सचिवालय सदस्य राहुल तामाङलगायतको उपस्थिति रहेको थियो ।

## आगोले पोलेर नवजात शिशुको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको भीमफेदी गाउँपालिका–४, थानसिङमा आगोले पोलेर नवजात शिशुको मृत्यु भएको छ ।

शनिवार बिहान ८ बजेको समयमा कोइला बालेर सेक्दै गरेको अवस्थामा २६ वर्षीय रुपेश घलेको ४ दिनको शिशुको शरीरमा बलेको कोइला परेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

## आधुनिकमा व्यवस्थापन समिति सदस्य चयन

समाज संवाददाता

हेटौँडाः हेटौँडा–४ स्थित आधुनिक राष्ट्रिय माविको व्यवस्थापन समितिमा सदस्य चयनको प्रक्रिया पूरा भएको छ । शनिबार मोहम्मद समिम, गौतमप्रसाद पौडेल, शुभद्रा बर्तौला र रेणुका फुयाल सदस्य चयन हुनुभएको छ । २१ जना आकांक्षीमध्ये ४ जना सर्वसम्मत निर्वाचित हुनुभएको विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईले जानकारी दिनुभयो ।

मोहम्मद समिम ५ कक्षामा अध्ययनरत एमडी समिमका बुबा हुनुहुन्छ भने गौतम प्रसाद पौडेल ६ कक्षामा अध्ययनरत जीविका पौडेलको बुबा हुनुहुन्छ । यस्तै शुभद्रा बर्तौला ८ कक्षामा अध्ययनरत अजेश अधिकारीकी आमा हुनुहुन्छ भने रेणुका फुयाल वाईबाको छोरा परिवेश वाईबा कक्षा ११ मा पढ्नुहुन्छ ।

यस्तै अभिभावकमध्येबाट निर्वाचित ४ जनाको समितिले आइतबार बिहान चित्तबहादुर बिक (जंगबहादुर) र ईश्वरी बिक सुनुवारलाई सदस्यमा मनोनित गर्ने निर्णय गरेको छ । केही दिनमा शिक्षक प्रतिनिधि चयन गरेर व्यवस्थापन समितिको अध्यक्ष चयन गरिने प्रधानाध्यापक गुरागाईले जानकारी दिनुभएको छ । मकवानपुर जिल्लाकै सबैभन्दा बढी विद्यार्थी भएको आधुनिक राष्ट्रिय माविको माघ २१ गते अभिभावक भेला सम्पन्न भए पनि व्यवस्थापन समितिको सदस्य चयन गर्न सकेको थिएन । आधुनिक राष्ट्रिय माविमा दुई हजार छ सय विद्यार्थी अध्ययनरत छन् ।

## उपमहानगरको स्थापना दिवसमा ३१ जनाद्वारा रक्तदान




समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाको कार्यालयमा आज आइतवार रक्तदान कार्यक्रम भएको छ । उपमहानगर पालिकाको ५४ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम भएको हो ।

कार्यक्रममा २३ जना पुरुष र ८ जना महिला गरी जम्मा ३१ जनाले रक्तदान गरेको रक्तसंचार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । रक्तदान कार्यक्रम रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको हो । रक्तदान कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, लगायतले समेत रक्तदान गरेको हो ।

हेटौंडा उपमहागरपालिकाले स्थापना दिवसलाई भव्य रुपमा मनाउनका लागि नगर प्रमुख मीना कुमारी लामाको संयोजकत्वमा मूल समारोह समिति गठन गरेको छ । हेटौंडा उपमहानगरपालिकाले ५४ औं स्थापना दिवस सम्पन्न गर्न माघ २५ गतेदेखि सप्ताहव्यापी कार्यक्रम गरेको हो ।

## आनन्दभैरवको स्थापना दिवसमा विविध कार्यक्रम

समाज संवाददाता

हेटौँडाः हेटौँडा–११ स्थित आनन्दभैरव आधारभूत विद्यालयको स्थापना दिवसमा विविध अतिरिक्त क्रियाकलाप आयोजना गरिएको छ । विद्यालयको ३५ औं स्थापना दिवसको अवसरमा शनिबारदेखि विविध अतिरिक्त क्रियाकलापको आयोजना गरिएको हो ।

कक्षा १ देखि ५ सम्मका विद्यार्थीका लागि शनिबार हस्तलेखन, बेलुन फुटाई, गणित दौडलगायत प्रतियोगिता सञ्चालन गरिएको आनन्दभैरव आधारभूत विद्यालयका प्रधानाध्यापक कृष्ण खनालले जानकारी दिनुभयो । आइतबार हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा सहभागी ४ समूहमध्ये मकालु समूह प्रथम भएको उहाँले जानकारी दिनुभयो । कक्षा ६, ७ र ८ का विद्यार्थीबीच प्रतियोगिता भएको थियो ।

विद्यालयका प्रधानाध्यापक खनालका अनुसार विद्यालयको स्थापना दिवसका कार्यक्रमहरु सोमबार समापन हुनेछ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर का प्रमुख दिनानाथ गौतमको प्रमुख आतिथ्यमा आज सोमबार कार्यक्रमका विजेतालाई पुरस्कार वितरण गर्दै दिवस समापन गरिने उहाँले बताउनुभयो ।

हार्दिक बधाई एवम् आभार




बकैया गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा भएको अन्तरवडा फुटबल प्रतियोगितामा उपाधि विजेता ३ नम्बर वडा टिमलाई हार्दिक बधाई ज्ञापन गर्दै प्रतियोगिता आयोजनाका लागि सहयोग गर्नुहुने सम्पूर्ण निकाय, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष ज्यू, प्रमुख अतिथि, अतिथिज्यूहरु सम्पूर्णमा हार्दिक आभार समेत व्यक्त गर्दछौं ।

विजय लामा थिङ, संयोजक
एवम् बकैया गाउँपालिका खेलकुद विकास समिति परिवार
बकैया, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा–४, अजरअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ